मितिः२०८१/१२/२८ बैठक संख्याः१६

प्रस्ताव नं.१. सियारी गाउँपालिका वडा नं.१ बस्ने आशिष खड्का समेत ३ जनाले यस सियारी गाउँपालिका कार्यालय र गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र वडा नं.३, ४, ५ र ७ वडा कार्यालयलाई विपक्षी बनाई दिएको अन्तरिम आदेश सहित उत्प्रेषणयुक्त परमादेश जारी गरी पाउँ भन्ने मुद्दाको पैरवी गर्न प्रतिनिधि तोक्ने सम्बन्धमा।

निर्णय नं.१. प्रस्ताव नं.१ माथि छलफल गर्दा उच्च अदालत तुल्सीपुर, बुटवल इजलासबाट यस सियारी गाउँपालिका कार्यालय, गाउँ पालिका अध्यक्ष थानेश्वर घिमिरे, उपाध्यक्ष तारा थारु, वडा नं.३, ४, ५ र ७ का वडा कार्यालयको नाममा अन्तरिम आदेश सहित उत्प्रेषणयुक्त परमादेश जारी गरी पाउँ भनी म्याद तामेली भएको १५ दिने सूचना तामेल मितिले २०८१/१२/२७ गतेको सियारी-१ नागथान बस्ने आशिष खड्का समेत ३ जनाले मुद्दा नं. ०८१-wo-०२०८ मुद्दाको लागि आवश्यक कागजात पैरवी छलफल र लिखित जवाफ पेश गर्नका लागि यस सियारी गाउँपालिकाका अधिकृत कर्मचारी श्री रोमलाल पुरीलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।